"सिरीजङ्घाको गौरव, कञ्चनजङ्घा"

# सिरीजङ्घा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### तेल्लोक, ताप्लेजुङ, प्रदेश नं. १, नेपाल ।

पत्र संख्याः २०७७।०७८
चलानी नम्बरः १४३६

मितिः २०७८।०१।१४

**विषयः करार सेवामा स्वास्थ्यकर्मी माग गरिएको सूचना।**

(प्रथम पटक प्रकाशित मिति २०७८।०१।१४)

यस गाउँपालिका मातहतका विभिन्न स्वास्थ्य संस्थामा रिक्त रहेको विभिन्न पद तथा दरबन्दीका स्वास्थ्यकर्मीहरु नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत **"चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६"** बमोजिम करार सेवामा नियुक्ति गर्नुपर्ने भएकाले भएकाले इच्छुक योग्यता प्राप्त नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले एक्काइस (२१) दिनभित्र आवेदन दस्तुर वापत् छ सय रुपैया गाउँपालिकाको आन्तरिक राजश्व खाता नं.२६१०३००००१००१००००००१मा राजस्व तिरेको रसिद सहित गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोकमा देहाय बमोजिम आवेदन गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| विज्ञापन नं. | करार सेवामा माग गरिएको पदको विवरण | माग पद संख्या | उपलब्ध गराइने न्युनतम सेवा सुविधा | करार अवधि |
|---|---|---|---|---|
| १२।०७७।७८ | अ.हे.व सहायक चौथो | २ | सहायक चौथो तहले पाउने न्युनतम सेवा सुविधा | चालु आर्थिक वर्ष २०७७/०७८ को लागि गरिने करार सम्झौता बमोजिम तथा बढीमा लोक सेवा आयोगबाट रिक्त अ.हे.व पदमा स्थायी पदपुर्ति नहुञ्जेलसम्म। |
| १३।०७७।७८ | अ.न.मी सहायक चौथो | २ | सहायक चौथो तहले पाउने न्युनतम सेवा सुविधा | चालु आर्थिक वर्ष २०७७/०७८ को लागि गरिने करार सम्झौता बमोजिम तथा बढीमा लोक सेवा आयोगबाट रिक्त अ.न.मी. पदमा स्थायी पदपुर्ति नहुञ्जेलसम्म। |

**उल्लिखित दुवै पद (अ.हे.व तथा अ.न.मी.) को लागि आवश्यक न्युनतम योग्यता:**

- १८ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको,
- प्रचलित कानून बमोजिम स्थापना भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषदमा नाम दर्ता र नवीकरण भएको,
- भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको,
- नेपाली नागरिक,
- प्रचलित कानून बमोजिम अयोग्य नभएको,
- शैक्षिक योग्यताका हकमा लोक सेवा आयोगबाट सम्बन्धित पदका लागि निर्धारित न्युनतम योग्यता।

**दृष्टव्यः** आवेदकको छनोट **"सिरीजङ्घा गाउँपालिकाको करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४"** बमोजिम हुनेछ। र, यस विषयमा थप जानकारी यस कार्यालयका स्वास्थ्य संयोजक श्री संजिव सिंह (सम्पर्क नम्बर ९८६२००६२३७) सँग बुझ्न सकिनेछ।

(श्री सन्तोष घिमिरे)
प्रमुख प्रशासकीय अधिकृत

www.sirijanghamun.gov.np | sirijangharuralmunicipality@gmail.com | 021-696493

Scanned with CamScanner